नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
पर्यटन विभाग

www.tourismdepartment.gov.np
Email: info@tourismdepartment.gov.np
फोन नं.:- ०१४२५६२२९, ०१४२५६२३१
पर्यटक प्रहरी : ०१४२४७०४१
महानिर्देशक :- ४२४७०३७
भृकुटीमण्डप, काठमाडौं

## प्रेस विज्ञप्ति

सन् २०२६ को वसन्त ऋतुमा सगरमाथा हिमाल आरोहण अनुमति पत्र नंम्बर २१, 8 K INT'L EVEREST EXPEDITION 2026 SPRING TEAM A नामक पर्वतारोहण दलको सहयोगी कामदारका रुपमा अनुमति लिएका श्री दावा शेर्पा (ना.प्र.नं.४२५४२/३६५,ओखलढुङ्गा) मिति २०८३/०२/१६ (सन् 30th May, 2026) देखि सगरमाथा आरोहण मार्गमा सम्पर्क विहिन भएकोमा सम्वन्धित आरोहण दलको सम्पर्क अधिकृत र Eight K. Expedition Pvt. Ltd. काठमाडौंवाट प्राप्त जानकारी अनुसार मिति २०८३/०२/२१ (सन् 4th June, 2026) मा सगरमाथा आधार शिविर नजिकै Crampon Point मा सगरमाथा प्रदुषण नियन्त्रण समितिका कर्मचारीहरुले फेला पारी गोरकसेपसम्म बोकेर ल्याईएको। तत्पश्चात अल्टिच्युड एयरको हेलिकप्टरबाट उद्धार गरी काठमाडौं ह्याम्स अस्पताल ल्याई उपचाररत रहेको व्यहोरा सम्वन्धित सवैमा जानकारी गराईन्छ। निज हराएको जानकारी प्राप्त भएपश्चात उक्त विषयलाई विभागले गम्भीरताका साथ लिई निजको खोजी कार्यका लागि सम्वन्धित एजेन्सी, सरोकारवाला निकायसँग निरन्तर समन्वय, सहकार्य र सञ्चार गरिएको थियो। निजको खोज तथा उद्धार कार्यमा सहयोग एवम् सहजीकरण गरिदिनुहुने सम्पूर्णमा धन्यवाद ज्ञापन गर्दै विभाग उहाँको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछ।

मिति: २०८३/०२/२१
ने.सं. ११४६

हिमाल गौतम
निर्देशक/ सूचना अधिकारी

CamScanner